**लिबाङ नगरपालिकाको दोश्रो नगर परिषद् उद्घाटन समारोहमा उपस्थित श्रद्धेय**

**प्रमुख अतिथि-** नेकपा (एमाले) संसदीय दलका सचेतक माननीय सांसद गोकुलप्रसाद घर्तीमगर ज्यू
**विशिष्ट अतिथि-** माननीय सांसद अमरसिंह पुन ज्यू
**विशेष अतिथि-** प्रमुख जिल्ला अधिकारी श्री मित्रलाल शर्मा ज्यू
स्थानीय विकास अधिकारी श्री गेहेन्द्रबहादुर डाँगी ज्यू

**अतिथिहरु पूर्व राज्यमन्त्री** श्री सुरेन्द्र हमाल ज्यू
**व्यवस्थापिका संसदका** पूर्व सांसद श्री लेखनाथ आचार्य ज्यू
**जिल्ला स्थित राजनीतिक दलका प्रमुख/प्रतिनिधिहरु -**

- नेपाली काँग्रेसका सभापति श्री कृष्णबहादुर घर्तीमगर ज्यू
- नेकपा(एमाले)का अध्यक्ष श्री हरिप्रसाद घर्तीमगर ज्यू
- एकिकृत ने.क.पा. माओवादीका अध्यक्ष श्री सुरेन्द्र थापा घर्ती ज्यू
- राप्रपा नेपालका अध्यक्ष श्री टिकाबहादुर वली ज्यू
- राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष श्री अमरबहादुर थापा ज्यू
- राष्टिय जनमोर्चाका का.वा. अध्यक्ष श्री मेघनाथ विष्ट ज्यू
- नेपाल परिवार दलका अध्यक्ष श्री वसन्तराज शर्मा ज्यू
- ने.क.पा.(क्रान्तिकारी माओवादी)का ............................

**जिल्ला विकास समितिका पूर्व सभापति** श्री दलबीर पुन ज्यू
श्री पृथ्वीप्रसाद रोकामगर ज्यू
**जिल्ला विकास समितिका पूर्व उप सभापति** श्री मानबहादुर बाँठा ज्यू
श्री मोहन परियार ज्यू

**विभिन्न समितिका उपाध्यक्षहरु**

जिल्ला स्तरीय दलित वर्ग उत्थान जिल्ला समन्वय समितिका उपाध्यक्ष श्री नरवीर वि.क. ज्यू
नगर स्तरीय महिला समन्वय समितिका उपाध्यक्ष श्री देवाकुमारी आचार्य ज्यू
देवीदत्त गणका गणपति श्री विनोद चन्द ज्यू
प्रहरी नायव उपरिक्षक श्री रमेश थापा ज्यू
प्रमुख अनुसन्धान अधिकृत श्री नरेन्द्रराज गिरी ज्यू
जिल्ला स्थित सरकारी कार्यालयका प्रमुख/प्रतिनिधि ज्यूहरु, विभिन्न आयोजना तथा डिभिजन प्रमुख/प्रतिनिधि ज्यूहरु

**राजनैतिक दलका नगर स्तरीय प्रतिनिधि**

- नेपाली काँग्रेसका श्री दलजित नेपाली ज्यू
- ने.क.पा.(एमाले)का श्री नन्दकुमार आचार्य ज्यू
- एकिकृत ने.क.पा. माओवादीका श्री नवराज आचार्य ज्यू
- राप्रपा नेपालका श्री खिमबहादुर के.सी. ज्यू
- राष्ट्रिय प्रजातन्त्र पार्टीका श्री प्रेमबहादुर डाँगी ज्यू
- राष्टिय जनमोर्चाका श्री ............................ ज्यू

- नेपाल परिवार दलका श्री .................... ज्यू
- ने.क.पा.(क्रान्तिकारी माओवादी)का फविन्द्र आचार्य ज्यू

खेलकूद विकास समितिका अध्यक्ष श्री ओमराज घर्ती ज्यू
अस्पताल विकास समितिका अध्यक्ष श्री घनश्याम आचार्य ज्यू
लिबाङ नगर विकास समितिका अध्यक्ष श्री चिन्तामणि आचार्य ज्यू
स्थानीय शान्ति समितिका अध्यक्ष भोलानाथ आचार्य ज्यू
जलजला बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख श्री कृष्णप्रसाद न्यौपाने ज्यू
नगर स्तरीय पदपूर्ति समितिका अध्यक्ष श्री शालिकराम श्रेष्ठ ज्यू
उद्योग वाणिज्य महासंघका केन्द्रिय परिषद सदस्य श्री किशोर आचार्य ज्यू
रोल्पा उद्योग वाणिज्य संघका अध्यक्ष श्री बालकृष्ण सुवेदी ज्यू
गैर सरकारी संस्था महासंघका मध्यपश्चिम इन्चार्ज श्री शोभाराम डाँगी ज्यू
गैर सरकारी संस्था महासंघका अध्यक्ष श्री कर्णबहादुर बाँठा ज्यू
नेपाल पत्रकार महासंघका अध्यक्ष श्री महेश न्यौपाने ज्यू
नेपाल बार एशोशिएसनका अध्यक्ष श्री टेकमप्रसाद घर्तीमगर ज्यू
नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा रोल्पाका सभापति श्री नौलसिंह पुन ज्यू
खानेपानी उपभोक्ता महासंघका अध्यक्ष श्री तीर्था आचार्य ज्यू
निर्माण व्यवसायी संघका अध्यक्ष श्री मानबहादुर खत्री ज्यू
९ वटै वडाका बडा नागरिक मञ्चका संयोजक ज्यूहरु,
टोल विकास संस्थाका अध्यक्ष ज्यूहरु, प्राज्ञ, समाजसेवी, वुद्धिजिवी लगायत हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस नगरपरिषद्मा उपस्थित हुनु भएका सम्पुर्ण नगरवासी महानुभावहरुमा म हार्दिक न्यानो अभिवादन व्यक्त गर्न चाहन्छु ।

विभिन्न ऐतिहासिक कालखण्डदेखि प्रजातन्त्रकाल हुँदै लोकलान्त्रीक गणतन्त्र स्थापनासम्म नेपालको उन्नती, प्रगति र समृद्धिका लागि सघंर्ष गर्ने क्रममा आफ्नो अमुल्य जीवन बलिदानी गर्ने नेपाल आमाका वीर शहीदहरु प्रति हार्दिक श्रद्धा सुमन व्यक्त गर्दै घाइते योद्धाहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

**आदरणीय महानुभावहरु !**

वि.सं.२०७१ साल मंसिर १६ गते घोषणा गरिएको यस लिबाङ नगरपालिकाका थुप्रै समस्या र सम्भावनाहरु बोकेको देशकै नमुना मध्यपहाडी शहरको रुपमा परिचित गराउन विगतका भोगाई-सिकाईका आधारमा अबको दिशा के हुन सक्ने ? भन्ने बारे समिक्षा प्रस्तुत गर्न चाहन्छु ।

भौगोलिक, प्राकृतिक, सांस्कृतिक एवं पुरातात्वीक विविधता जस्ता सम्भावनाहरु रहेको हाम्रो नगरपालिकामा आसातित रुपमा औद्योगिक तथा व्यापारिक क्रियाकलापहरु अगाडि बढ्न नसक्नु, आधुनिक तथा व्यवसायिक कृषि प्रणालीको अभ्यास हुन नसक्नु, आन्तरिक आयको श्रोत पहिचान तथा दायरा फराकिलो बनाउन नसक्नु, विकास कार्यमा सार्थक र सक्रिय जनसहभागिता नहुनु, अव्यवस्थित वसोबास कायमै रहनु, जथाभावी जग्गा प्लटिङ्ग गर्ने कार्य निरुत्साहित नहुनु, फोहोर व्यवस्थापनमा सचेतनता र जिम्मेवारी नहुनु, व्यवस्थित बजारीकरण नहुनु जस्ता कुराहरु चुनौतीका रुपमा रहेका छन् ।

यस्ता खालका समस्या तथा चुनौतिहरुलाई उचित तरिकाले समयमै व्यवस्थापन गरे मात्र हामी सुन्दर, सभ्य, समृद्ध, आत्मनिर्भर, गन्तव्यस्थानको रुपमा आधुनिक नगर लिबाङको परिकल्पना गर्न सक्छौं ।

नगरपालिका स्थापना भएकै वर्षमा साक्षर नगरपालिका घोषणा गरिएको छ  भने हालसालै यही पौष ९ गते खुला दिसामुक्त जिल्ला घोषणा भएको अवस्थामा सदरमुकाम रहेको यस नगरलाई फोहरमैला व्यवस्थापन गर्दै सफा राख्न उत्तिकै चुनौति रहेको छ ।

विकेन्द्रिकरणको माध्यमबाट सार्वभौम सत्ता सम्पन्न जनतालाई शासन प्रकृयामा आधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई आफ्नो क्षेत्रको विकासका लागि साधनको परीचालन, विनियोजन र विकासको प्रतिफल सन्तुलित र समान वितरण गर्न, विकासलाई संस्थागत गर्न उत्तरदायित्व एवं जिम्मेवारी सहितको स्थानीय निकायको व्यवस्था भै आएको सन्दर्भमा अहिले स्थानीय निकायहरुमा नागरिकहरुलाई नजिकबाट सेवा प्रदान गर्ने तथा प्रत्यक्ष र तत्काल लाभको अनुभुति दिने विकास निर्माणका योजना तथा कार्यक्रम संचालन गर्ने प्रमुख निकायको रुपमा रहि आएको छ । तथापी २०५९ सालदेखि देशमा स्थानीय निकायको निर्वाचन नभै राखेको अवस्था एवं जन प्रतिनिधि विहिनताको अवस्थामा स्थानीय निकायको संचालन गर्ने जिम्मा कर्मचारीलाई प्रदान गरीएता पनि कर्मचारीको काँधमा रहेको जिम्मेवारीलाई निर्वाचित जन प्रतिनिधिलाई सुम्पन सकियो भने मात्र विकेन्द्रिकरणको मर्म अनुसार स्थानीय स्वायत्त शासन पद्धतिलाई सार्थक तुल्याउन सकिन्छ भन्ने लागेको छ ।

यस्तो स्थितिमा पनि स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ ले स्थानीय निकायको परिषद्लाई विधायिकाको हैसितको रुपमा स्थापित गर्न खोजेको यस लिबाङ नगरपालिकाको नगर प्रमुखको हैसियतमा दोश्रो नगर परिषद् एवं आ.ब. २०७३/०७४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै सौभाग्यशाली ठानेको छु ।

**आदरणीय महानुभावहरु !**

***नगरपालिका घोषणा पश्चात हालसम्म सम्पन्न केही महत्वपुर्ण योजना तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु –***

१. लिबाङ नगरपालिकाको वडा नं. ४ को सानोलिबाङ र हरिगातिनामा वातावरण संरक्षण सम्बन्धि २ वटा सिचाई पोखरी निर्माण भएका छन् ।

२. बालबालिकाहरुलाई क्षमता विकास गराउन नगर भित्रका सबै माध्यमिक विद्यालयहरुको सहभागितामा नगर स्तरीय वक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको छ ।

३. किसानका लागि उन्नत तरकारी खेती सम्बन्धी अभिमुखीकरण तालिम कार्यक्रम सम्पन्न भएको छ ।

४. फोहर मैला व्यवस्थापन र कार्यालय व्यवस्थापन सम्बन्धि उल्लेखनिय कार्य भै रहेका नगरपालिकाहरुसंग अनुभव आदान प्रदान कार्यक्रम अन्तरगत अध्ययन अवलोकन भ्रमण सम्पन्न भएको छ ।

५. सबै नगर प्रतिनिधिहरु, कर्मचारी तथा सामाजिक परिचालकहरुको संयुक्त टोली वडा तथा गाउँ स्तरमा पुगी योजना तथा कार्यक्रम छनौट गरिएको छ ।

६. फोहरमैला पृथकीकरण तथा न्यूनिकरण सम्बन्धी सचेतनामुलक कार्यक्रम सम्पन्न भएको छ ।

७. ७५ थान डस्वीन र १५ थान कम्पोष्ट विन वितरण गरिएको छ ।

८. फोहरमैला ढुवानी गरी व्यवस्थापन गर्न एउटा गाडि खरिद गरिएको छ ।

९.नगरपालिकामा प्रतिनिधित्व गर्ने राजनैतिक दलका प्रतिनिधिहरु, वडा नागरिक मञ्चका पदाधिकारीहरु र नगरपालिकाका कर्मचारीहरुलाई सूचनाको हक सम्बन्धि तालिम सम्पन्न भएको छ ।

१०.साक्षर नगर घोषणा गरिएको छ ।

११. साक्षर र खुला दिसामुक्त जिल्ला घोषणा कार्यक्रममा मयुर नाच, सारङ्गी नाच, मारुनी(सिंगारु) नाच सहितको झाँकी प्रदर्शन गर्दै सांस्कृतिको संरक्षण गर्ने अभ्यास गरिएको छ ।

१२. विगतदेखि फोहरमैलाले गाजिएको लिबाङ बजारको फोहरमैला व्यवस्थापनका लागि लिबाङ नगरपालिका वडा नं. २ सातदोबाटो दक्षिण हलहले तर्फ पानीखाल भन्ने स्थानमा ल्याण्ड फिल्डसाईटको टुंगो लगाईएको छ ।

१३. फर्निचर, कम्प्युटर, फ्याक्स आदि खरिद गरी कार्यालयको कामलाई व्यवस्थित गरिएको छ ।

१४. बालविवाह न्युनिकरण सम्बन्धि वडा नं. ५ मा सचेतनामुलक अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

१५. फोहरमैला सम्बन्धि जिल्ला युवा संजाल मार्फत सडक नाटक प्रस्तुत गर्ने कार्य सम्पन्न भएको छ ।

१६. कार्यालयबाट प्रदान गरिने सेवा तथा कार्यक्रमहरुको जानकारीको लागि हेलो लिबाङ नगरपालिका फेसबुक(सामाजिक संजाल), कार्यालयमा नागरिक वडापत्र तथा सुझाव पेटीकाको व्यवस्था गरिएको छ ।

१७. कार्यालयबाट प्रवाह गरिने सेवालाई छिटो छरितो बनाउन कार्यालयमा थप जनशक्ति(कर्मचारी) व्यवस्थाका लागि प्रक्रिया अगाडि बढाइएको छ ।

१८. ज्येष्ठ नागरिकहरुलाई सम्मान तथा पौष्टिक आहारा वितरण कार्यक्रम सम्पन्न भएको छ ।

१९. नगरलाई संधै सफा राख्न यस लिबाङ नगरपालिकाको आयोजना र जिल्ला विकास समिति रोल्पाको नेतृत्वमा(Tea in programme for wash) नगरका विभिन्न स्थानहरुमा संचालन भै रहेको छ ।

आदरणीय महानुभावहरु !

आगामी आ.व.का लागी नीति तथा कार्यक्रम तर्जुमा गर्दा निम्न मार्ग दर्शक सिद्धान्तलाई अबलम्बन गरेको छु ।

- नेपालको संविधान २०७२
- सहश्राब्दी विकास लक्षले निर्धारण गरेको प्राथमिकता प्राप्त नीति तथा कार्यक्रमहरु
- स्थानीय स्वायत्त शासन ऐनका सिद्धान्त र नीतिहरु
- नेपाल सरकार, संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयका निर्देशनहरु

अब म आगामि आ.व. २०७३/०७४ मा लिबाङ नगरपालिकाले गत वर्ष लिइएको नीतिलाई निरन्तरता दिदै निम्न नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

***नीति तथा कार्यक्रमहरु -***

१. ***"स्वच्छ, सफा, कृषि, पर्यटन र भौतिक पुर्वाधारयुक्त आत्मनिर्भर शहर, सहभागिता र समतामुलक लिबाङ नगर"*** भन्ने मुल नारा तयार गरिएकोले सो सार्थक बनाउने अबधारणा अबलम्बन गरिने छ ।

२. आयोजनाको दीगोपना, प्रभावकारीता, मितव्ययीता र कार्यकुशलता कायम गर्न सहभागीतामुलक र समावेशी योजना छनौट तथा कार्यान्वयन प्रणाली लागु गरिने छ ।

३. सबै आयोजना तथा कार्यक्रमहरुमा सरोकारवालाहरुको अनुगमन तथा मुल्याङ्कन कार्यलाई मुख्य प्राथमिकतामा राखिने छ ।

४. बालमैत्री नगर घोषणा गर्न आगामि २ वर्ष भित्र बालमैत्री सूचकहरुको प्रयोग गरी बालमैत्री नगर घोषणा कार्यक्रम कार्यान्वयनलाई उच्च प्राथमिकताकासाथ कार्य गरी बालमैत्री नगर घोषणा गरिने नीति बनाइएको छ ।

५. आगामि ५ वर्ष भित्र प्रत्येक वस्तीमा सडक पुर्‍याउने लक्ष्यलाई साकार पार्न *लिबाङ देउराली हरिगातिना सानोलिबाङ सल्लीबोट खेवासे सात्दोबाटो लाँकुरी गोठमारे निपाने गुरुङगाउँ बाइगाउँ बग्र भैसीराङ गातिना फल्लेधारा पालतोखोला पाखापानी राजिम रिमखोला लिबाङ देउराली चक्रपथ(रिङ्गरोड)*को रुपमा विकास गरिने छ ।

६. गाउँलाई नगरसंग जोड्न सुनिलमार्ग सडक निर्माण कार्यलाई निरन्तरता दिइने छ ।

७. फोहरमैला व्यवस्थापनमा सार्वजनिक निजी साझेदारीको अबधारणा बमोजिम शुन्य फोहरको नीति अबलम्बन गरिने छ ।

८. वातावरण मैत्री स्थानीय निकायको अवधारणा बमोजिम कार्य अगाडि बढाइने छ ।

९. आधारभूत करका दरहरुलाई यथावत राखी सोका दायरालाई फराकिलो बनाउदै स्थानीय कर प्रणालीलाई वैज्ञानिक र समृद्ध तुल्याउने नीति अबलम्बन गरिने छ ।

१०. खुला दिसामुक्त क्षेत्र घोषणा भै सकेकोले पुर्ण सरसफाई तथा पुर्ण खोपयुक्त नगरपालिका घोषणा गर्नका लागि कार्यक्रम अगाडि बढाइने छ ।

११. पर्यटन क्षेत्रलाई बढावा दिन गुरुङगाउँ होमस्टे प्रवर्द्धन, थामधुरी तथा सातदोवाटोमा भ्यु टावर बनाउने र समग्र पर्यटन विकासको लागि पर्यटन गुरुयोजना बनाइने छ ।

१२. भवन निर्माण मापदण्ड २०७२ र राष्ट्रिय भवन संहिता २०६० अनुसार भुकम्प प्रतिरोधात्मक घर तथा भवन निर्माण कार्यलाई प्राथमिकता दिने कार्यक्रम अगाडि बढाइने छ ।
१३. घटना दर्ता तथा राजश्व असुलीको कार्यलाई सरलीकृत गर्न वडा स्तरमा घुम्ती सेवा कार्यक्रम लगिने छ ।
१४. जथाभावी रुपमा सडकको ट्र्याक खोल्ने कार्यलाई निरुत्साहित गर्न नगरपालिका स्तरीय सडक यातायात गुरुयोजना निर्माण गरी कार्यान्वयनमा ल्याइने छ ।
१५. नगरपालिकाको समग्र विकासको लागि नगर आवधिक योजना बनाउने कार्यलाई अगाडि बढाइने छ ।
१६. नागरिकहरुलाई छिटो छरितो तरिकाले नागकिहरुको नजिकमा रहि सेवा प्रदान गर्न सरकारी नीति बमोजिम यसै आ.व.२०७२/०७३ मा संयुक्त वडा कार्यालय स्थापना गरिने छ ।
१७. नागरिक वडापत्र, उजुरी पेटीका, खर्चको सार्वजनिकिकरण, सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, कर्मचारीको क्षमता विकास गरी सुशासनको अवधारणालाई अगाडि बढाइने छ ।
१८. विकास निर्माण र प्रशासनिक कार्यमा दण्ड र पुरस्कारको प्रणाली अबलम्बन गरिने छ ।
१९. नगर शिक्षा योजना तयार गरी शिक्षा क्षेत्रलाई व्यवस्थित गरिने छ ।
२०. सामाजिक सुरक्षा भत्ता छिटो छरितो र सहज रुपमा वितरण गर्न बैकिङ्ग प्रणालीको शुरुवात भएको छ ।
२१. सार्वजनिक वित्त जोखिम न्यूनीकरणका लागि पेश्की बेरुजु शुन्य झार्ने नीतिलाई निरन्तरता दिइने छ ।
२२. लिबाङ नगरलाई आत्मनिर्भर बनाउन स्थानीय कृषि उत्पादन तथा उपभोगमा बढावा दिने नीति अंगालिएको छ । साथै स्थानीय स्तरमा बाँझो जग्गाहरुलाई खेती गर्न कृषकहरुलाई प्रोत्साहित गरिने छ ।
२३. बाल मृत्यु दरलाई कम गर्न र सुरक्षित सुत्केरी गराउने कार्यलाई प्रोत्साहन गर्न महिला स्वंसेविकाहरुलाई खाजा खर्चमा वृद्धि गर्ने, गर्भवती जाँच गर्दा आयोडिनयुक्त नुन वितरण गर्ने तथा सुत्केरीलाई सुत्केरी भत्ता समेत वितरण गर्ने नीति ल्याइएको छ ।
२४. घरभित्रको वातावरण सफा राख्न धुँवा रहित चुल्हो बनाउन प्राथमिकता दिइने छ ।
२५. शहरी हरियाली प्रवर्द्धनका लागि शहरमा प्रमुख ठाउँमा वृक्षारोपन गर्ने तथा शहरका प्रत्येक घरमा फूल लगाउने कुरालाई प्रोत्साहित गरिने छ ।
२६. नगरपालिकाको केही वडाहरुमा विद्युत तथा खानेपानीको समस्या समाधान गर्न सम्बन्धित कार्यालयसंग समन्वय गरी उक्त समस्या समाधान गरिने छ ।
२७. कार्यालयको काम कारवाहीमा छिटो छरितो सेवा प्रदान गर्न कर्मचारीको क्षमता विकासको लागि तालिमको व्यवस्था गरी विद्युतीय सेवा प्रणालीलाई समेत थप व्यवस्थित बनाइने छ ।
२८. जलवायु परिवर्तनका असरहरुलाई न्यूनिकरण गर्न जलवायु अनुकुलन कार्य योजना बनाई कार्यान्वयनमा ल्याइने नीति रहेको छ ।
२९. विपद व्यवस्थापन योजना बनाउन र विपद व्यवस्थापन सामान खरिद गर्न सरोकारवालाहरुसंग समन्वय गरी अगाडि बढ्ने नीति लिइएको छ ।
३०. जिल्ला स्थित सबै संचार कर्मीहरुको छाता संगठनको रुपमा रहेको पत्रकार महासंघको भवन निर्माणलाई अगाडि बढाउने अनुदान सयहोग गर्ने नीति लिइएको छ ।
३१. व्यवस्थित शहरीकरणका लागि शहरी विकास मन्त्रालयको सहयोग र समन्वयमा ल्यानपुलिङ(Land pooling) कार्यक्रम ल्याइने छ ।
३२. महिला, दलित, जनजाति, अपाङ्गता भएका, पिछडिएका वर्गहरुलाई निर्देशिका बमोजिम बजेट विनियोजनलाई निरन्तरता दिइने छ र थप आय आर्जनका कार्यक्रमहरु समेत ल्याइने छ ।
३३. लिबाङ न.पा. मा बसोबास गर्ने अति विपन्न महिलालाई अ.न.मि. पढ्न छात्रवृत्ति उपलब्ध गराईने छ ।

३४. भौतिक पुर्वाधार तर्फका योजनाहरु ५ लाख भन्दा कमका साना योजना छनौट गर्न नपाईने र बजेटलाई विकेन्द्रित गर्दै प्रत्येक वडालाई समान रुपमा रु.११ लाख बराबरका योजनाहरु वडा भेलाबाटै छनौट गर्ने व्यवस्थाको शुरुवाट गरिएको छ।

३५. लिबाङ बजार स्टार बोर्डिङ्गदेखि प्राविधिक शिक्षालयसम्म पुग्ने कच्ची मोटर बाटो स्तरवृद्धि गर्ने नीति ल्याइएको छ।

३६. नगर क्षेत्रका भित्र विभिन्न क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउने व्यक्तित्व तथा प्रत्येक वर्षको प्रवेशिका परीक्षामा लिबाङ नगरक्षेत्र भित्रका सामुदायिक विद्यालयबाट सर्वोत्कृष्ट अंक हासिल गर्ने विद्यार्थीहरुलाई प्रोत्साहन गर्ने नीति लिइएको छ।

३७. वातावरण संरक्षण कार्यक्रम अन्तरगत लेकलेकमा ठू-ठूला पानीपोखरीहरु निमार्ण गर्ने, पहिले भएका स्थानका पोखरीहरुलाई मर्मत संभार गर्ने नीति ल्याइएको छ।

३८. उर्जा संकटलाई अन्त्य गर्न वैकल्पीक उर्जा प्रवर्द्धन केन्द्रको सहयोगमा सौर्य सडक वत्ती तथा विद्युतीकरण नभएका वडाहरुमा सौर्य वत्ती विस्तार कार्यक्रमलाई अगाडि बढाइने छ।

३९. नगर सभ्यता पहिचान र स्वस्थ सामाजिक जिवनका लागि सिटीसिभिल कोड(CITY CIVIL CODE) लागु गर्ने नीति ल्याईएको छ।

आदरणीय महानुभावहरु !

अब म गत आ.व.०७१/०७२ मा भएको यथार्थ आय व्यय विवरण, चालु आ.व. ०७२/०७३ का लागि संशोधित तथा आ.व. २०७३/०७४ का लागि प्रस्तावित बजेट विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

| **क्र.सं.** | **आ.व.** | **चालु** | | **पूंजिगत** | | **कुलजम्मा** | |
|---|---|---|---|---|---|---|---|
| | | **आय** | **व्यय** | **आय** | **व्यय** | **आय** | **व्यय** |
| १ | २०७१/०७२ को यथार्थ | ९८,९९,६४४ | ९८,९९,६४४ | १,१६,२५,९०८ | १,१६,२५,९०८ | **२,१५,२५,५५२** | **२,१५,२५,५५२** |
| २ | २०७२/०७३ को संशोधित | १,४०,८०,००० | १,४०,८०,००० | ३,१०,६३,००० | ३,१०,६३,००० | **४,५१,४३,०००** | **४,५१,४३,०००** |
| ३ | २०७३/०७४ को प्रस्तावित | १,४५,७०,००० | १,४५,७०,००० | ३,११,४३,००० | ३,११,४३,००० | **४,५७,१३,०००** | **४,५७,१३,०००** |

सहभागीतात्मक प्रकृयाको अभ्यास गर्दै वडा नागरीक मञ्चको भेला मार्फत माग भै आएका आयोजना तथा कार्यक्रम र नगरपालिकामा प्राप्त हुन आएका अन्य निकायका आयोजना तथा कार्यक्रमहरु समेतलाई समेट्दै नगर स्तरीय एकीकृत योजना तर्जुमा समितिबाट योजना तथा कार्यक्रमलाई अन्तिम रुप प्रदान गरी नगर समिति(बोर्ड) मार्फत नगरपालिकाको विकास योजना तथा कार्यक्रममा समावेश गरी यस दोश्रो नगर परिषद्मा पेश गरिएको छ। नगर योजना तयार गर्दा राजनैतिक दलका मित्रहरु, निजि क्षेत्र, लक्षित समुदायका महिला, बालबालीका, पछाडी परेका समुदायहरुको राय सुझावलाई मार्ग दर्शणको रुपमा लिएको छु। योजना तर्जुमा गर्दा सबै राजनैतिक दल, नागरीक समाज, समाजसेवी, वुद्धिजिवी र जनस्तरबाट सहयोग प्राप्त हुनु हाम्रो लागि खुशिको कुरा भएको छ। सिमित श्रोत र साधनबाट असिमित मागहरुलाई सम्बोधन गर्नु हाम्रो लागी चुनौतिपूर्ण भए तापनि सम्बन्धित सबै पक्ष, समस्त नगरवासीबाट विकास योजना कार्यान्वयनमा सकारात्मक एवं रचनात्मक सहयोग हुने छ भन्ने कुरामा पूर्ण विश्वस्त छु।

आय विनियोजन गर्दा मन्त्रालयहरु, राष्ट्रिय योजना आयोग, स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्य विधि, स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ लाई  पुर्ण रुपमा पालना गरेको छु। धेरै निर्णय गरेर कम कार्यान्वयन गर्नु भन्दा निर्णय भएका विषयलाई कार्यान्वयन गर्नु नै मेरो पहिलो प्राथमिकता रहने कुरामा म विशेष जोड दिन चाहन्छु।

अन्तमा यस लिबाङ नगरपालिकाको दोश्रो नगर परिषद्का सन्दर्भमा सम्पुर्ण वडावासी नागरिक सचेतना केन्द्र, वडा नागरिक मञ्च, नगरपालिका क्षेत्रमा क्रियाशिल विभिन्न संघ संस्था, नागरिक समाज, महिला, बालबालिका, फरक क्षमता नागरिक, दलित, आदिवासी जनजाति, लक्षित समुह, एकीकृत योजना तर्जुमा समितिका पदाधिकारी, नगरपालिकाका कर्मचारी साथीहरु, पत्रकार मित्रहरु, प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा मलाई सहयोग पुऱ्याउनु हुने महानुभावहरुलाई हृदयदेखी धन्यवाद दिदै यस कार्यमा कमि कमजोरी रहेका होलान । तैपनि यसमा भएका कमि कमजोरीहरुलाई आगामी दिनहरुमा सुधार गर्दै लैजाने वचन बद्धताकासाथ विशेष सहयोग गर्ने नगर स्तरीय राजनैतिक दलका प्रतिनिधि ज्यू लगायत सबैमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

नगर परिषद्को तयारीको क्रममा अहोरात्र खटिने नगरपालिकाका सम्पुर्ण कर्मचारी तथा सामाजिक परिचालकहरु सबैलाई हार्दिक धन्यवाद दिदै बजेट नीति तथा कार्यक्रम कार्यान्वयनमा सबैको रचनात्मक सहयोग तथा अमुल्य सल्लाह सुझावको अपेक्षा राख्दछु ।

## प्रस्ताव तथा निर्णयहरु

**निर्णय नं.१-** लिबाङ नगरपालिकाको दोस्रो नगर परिषद्को प्रमुख अतिथि नेकपा (एमाले) संसदीय दलका सचेतक माननीय सांसद गोकुलप्रसाद घर्तीमगरज्यूलेप्रमुख अतिथि तथा माननीय सांसद अमरसिंह पुनज्यूले विशिष्ट अतिथिको रुपमा आतित्थ्यता गरि दिनु भएकोमा उहाँहरुलाई धन्यवाद दिने निर्णय गरियो ।

**निर्णय नं.२-**लिबाङ नगरपालिकाको कार्यकारी अधिकृत निमबहादुर के.सी.ले ***आ.व.२०७३/०७४ को*** तपसिल अनुसारको वार्षिक नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्नु भएकोमा स्वीकृत एवं अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३-** लिबाङ नगरपालिका क्षेत्रभित्र नगरपालिकाबाट सेवा सुविधा उपलब्ध गराउँदा लगाइने कर, शुल्कहरु गत आ.व.२०७१/०७२ अनुसार यस आ.व.०७२/०७३ मा पनि तपशील बमोजिमका करका दर यथावत राख्दै चालु आ.व.को असार मसान्तसम्म कर तथा शुल्कहरु नबुझाएमा १५ प्रतिशत थप जरिवाना लाग्ने र यसमा उल्लेख भएका नभएका करका दरमा परिवर्तन एवं समावेश गर्न परेमा नगर स्तरीय राजश्व परामर्श समितिको सिफारीस बमोजिम नगरपालिकाको बोर्डको निर्णय अनुसार संशोधन गर्न सकिने छ । साथै आ.व. २०७१/०७२ (**चालू तथा पूँजीगत**) को यथार्थ, आ.व. २०७२/०७३ को अनुमानित संशोधित र आगामी आ.व. २०७३/०७४ को लागि वडास्तरीय सहभागीतामुलक योजना तर्जुमा सम्बन्धी आम भेला, नगरस्तरीय एकीकृत योजना तर्जुमा समितिबाट सिफारीस एवं नगरपालिकाको बोर्डबाट निर्णय भै आएका अनुसूची ४ मा उल्लेखित प्रस्तावित योजना तथा कार्यक्रमहरु स्वीकृत गर्ने निर्णय गरियो ।

अनुसुची ४

| क्र.सं. | चालु आम्दानी तर्फ आ.व. | संशोधित/अनूमानित<br>२०७२/७३ |
|---|---|---|
| | शिर्षक | रकम रु. |
| १ | संचालन अनुदान | ३६00000 |
| २ | सामाजिक सुरक्षा कार्यक्रम | ५४00000 |

| | | |
|---|---|---|
| ३ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अनुदान | ३०७०००० |
| ४ | **आन्तरिक आम्दानी** | |
| | **आन्तरिक आम्दानी  शिर्षकहरु** | ० |
| | मालपोत तथा भूमिकर | ३००००० |
| | व्यवसाय कर | १५०००० |
| | दर्ता नविकरण | ० |
| | घर नक्सा पास | ४६०००० |
| | सिफारीस तथा निवेदन | ४००००० |
| | अमिन शुल्क | ५०००० |
| | पञ्जिकरण जरिवाना | ८०००० |
| | घरभाडा तथा जमिन भाडा | २०००० |
| | प्राकृतिक स्रोत उपयोग कर | १००००० |
| | एकिकृत सम्पति कर | ३००००० |
| | अन्य | १५०००० |
| | **कुल आय** | **१४०८००००** |
| क.सं. | चालु खर्च तर्फ आ.व. | संशोधित २०७२/७३ |
| | शिर्षक | रकम रु. |
| १ | तलव, भत्ता | २७८१४०० |
| २ | स्थानीय भत्ता | २५८६०० |
| ३ | महंगी भत्ता | ११०००० |
| ४ | पोशाक भत्ता | १०५००० |
| ५ | बैठक तथा अन्य भत्ता | ३९५००० |
| ६ | सरुवा भ्रमण खर्च तथा दैनिक भ्रमण भत्ता | १००००० |
| ७ | कार्यक्रम भ्रमण खर्च | ३००००० |
| ८ | परामर्श खर्च | २०००० |

| | | |
|---|---|---|
| ९ | विद्युत तथा संचार | ९०००० |
| १० | कार्यालय संचालन | ३९०००० |
| ११ | मर्मत सम्भार | २००००० |
| १२ | इन्धन | २००००० |
| १३ | कर्मचारी कल्याण कोष | ० |
| १४ | नगर परिषद् संचालन  खर्च  तथा विभिन्न वैठक संचालन | ३००००० |
| १५ | विविध | १६०००० |
| १६ | भैपरी आउने | १००००० |
| १७ | पत्रपत्रिका तथा विज्ञापन खर्च | १००००० |
| १८ | सामाजिक सुरक्षा कार्यक्रम खर्च | ५४००००० |
| | **जम्मा** | **११०१००००** |

| स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम  तर्फ खर्च शिर्षकहरु | | |
|---|---|---|
| | विवरण | रकम  रु. |
| १ | तलव , पोसाक संचार खर्च तथा भ्रमण खर्च  (सा. प) | ३३५००० |
| २ | MTMP | १०००००० |
| ३ | सेवा प्रदायक संस्था भुक्तानी | ३३९००० |
| ४ | नयाँ ना. स. के तथा पुराना सम्पुरक सहयोग वडा नागरिक मंच | १३४००० |
| ५ | सामाजिक परिचालन अनुगमन खर्च, अनुशिक्षण तथा बाल भेला | १८०००० |
| ६ | स्थानीय निकाय सुचना प्रविधि विकास तथा तालिम | ५४०००० |
| ७ | कर्मचारी व्यक्तिगत विवरण कार्यन्वयन | १००००० |
| ९ | तलव  इन्जीनियर | ३९०००० |
| १० | GESI  परिक्षण संचालन | ५२००० |
| | **जम्मा** | **३०७००००** |
| | **कूल  जम्मा** | **१४०८००००** |

| क.सं. | चालु आम्दानी तर्फ आ.व. | प्रस्तावित अनुमानित |
|---|---|---|
| | | २०७३/७४ |
| | शिर्षक | रकम रु. |
| १ | संचालन अनुदान | ३६00000 |
| २ | सामाजिक सुरक्षा कार्यक्रम | ५४00000 |
| ३ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अनुदान | ३0७0000 |
| ४ | आन्तरिक आम्दानी, | 0 |
| ५ | मालपोत तथा भूमिकर | ५00000 |
| ६ | व्यवसाय कर | १५0000 |
| ७ | दर्ता नविकरण | ७0000 |
| ८ | घर नक्सा पास | ३00000 |
| ९ | सिफारीस तथा निवेदन | ४00000 |
| १0 | अमिन शुल्क | ३00000 |
| ११ | पञ्जिकरण जरिवाना | १00000 |
| १२ | घरभाडा तथा जमिन भाडा | ८0000 |
| १३ | प्राकृतिक स्रोत उपयोग कर | १00000 |
| १४ | एकिकृत सम्पति कर | ४00000 |
| १५ | अन्य विविध | १00000 |
| | कुल जम्मा | १४५७0000 |

| क.सं. | चालु खर्च तर्फ आ.व. | प्रस्तावित/अनुमानित |
|---|---|---|
| | | २०७३/०७४ |
| | शिर्षक | रकम रु. |
| १ | तलव, भत्ता | ३२७१४00 |

| | | |
|---|---|---|
| २ | स्थानीय भत्ता | २५८६०० |
| ३ | महंगी भत्ता | ११०००० |
| ४ | पोशाक भत्ता | १०५००० |
| ५ | बैठक तथा अन्य भत्ता | ३९५००० |
| ६ | सरुवा भ्रमण खर्च तथा दैनिक भ्रमण भत्ता | १००००० |
| ७ | कार्यक्रम भ्रमण खर्च | ३००००० |
| ८ | परामर्श खर्च | २०००० |
| ५ | धारा, विद्युत महशुल | ४०००० |
| ६ | सञ्चार | ५०००० |
| ७ | कार्यालय संचालन | ३९०००० |
| ९ | मर्मत सम्भार | २००००० |
| १० | इन्धन | २००००० |
| १३ | कर्मचारी कल्याण कोष | ० |
| | नगर परिषद् संचालन खर्च | ३००००० |
| १४ | विविध | १६०००० |
| १५ | भैपरी आउने | १००००० |
| १७ | पत्रपत्रिका तथा विज्ञापन खर्च | १००००० |
| १८ | सामाजिक सुरक्षा कार्यक्रम खर्च | ५४००००० |
| | जम्मा | ११५००००० |

**स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फ खर्च शिर्षक**

| | विवरण | रकम रु. |
|---|---|---|
| १ | तलव , पोसाक संचार खर्च तथा भ्रमण खर्च (सा. प) | ३३५००० |
| २ | MTMP | १०००००० |
| ३ | सेवा प्रदायक संस्था भुक्तानी | ३३९००० |
| ४ | नयाँ ना. स. के तथा पुराना सम्पुरक सहयोग वडा नागरिक मंच | १३४००० |

| | | |
|---|---|---|
| ५ | सामाजिक परिचालन अनुगमन खर्च, अनुशिक्षण तथा बाल भेला | १८०००० |
| ६ | स्थानीय निकाय सुचना प्रविधि विकास तथा तालिम | ५४०००० |
| ७ | कर्मचारी व्यक्तिगत विवरण कार्यन्वयन | १००००० |
| ८ | पैजिकरण तथा सामाजिक सुरक्षा | |
| ९ | तलव इन्जीनियर | ३९०००० |
| १० | GESI परिक्षण संचालन | ५२००० |
| | जम्मा | ३०७०००० |
| | कुल जम्मा | १४५७०००० |

| | | | |
|---|---|---|---|
| | पुजिगत आम्दानी तर्फ आ.व. | | २०७२/७३ |
| | शिर्षक | | रकम रु. |
| | नेपाल सरकारबाट आउने अनुदान | | घघघघघघघघघ |
| | स्थानीय विकास शुल्क कोष | | ८,७४३,००० |
| | नगरपालिका नयाँ भवन निर्माण | | घघघघघघघघघ |
| | राजश्व बाँडफाँड | | ४,०४५,००० |
| | जम्मा | | घघघघघघघघघ |
| | पुजिगत खर्च तर्फ आ.व. २०७२□/०७३ | | |
| | | | |
| | शिर्षक | | रकम रु. |
| | कार्यालय भवन निर्माण | | ९,७००,००० |
| | सवारी साधन | | ३,४००,००० |
| | शहरी पुर्वाधार विकास(रु.१.८४ करोड मध्य) | | ११,५००,००० |
| | सम्पुरक कोष | | २,५००,००० |

| | | | |
|---|---|---|---|
| | कन्टेन्जेन्सी ३% तथा २% मर्मत समेत | | १,000,000 |
| | कन्टेन्जेन्सी भवन | | ३00,000 |
| | **जम्मा** | | २८,४००,००० |
| १ | **नगरपालिका वाट संचालित कार्यक्रमहरु १ करोड १५ लाख** | | |
| २ | **लक्षित वर्ग तर्फ-** | **वडा नं** | ४,६५१,४०० |
| १ | ***क)बालबालिका १५%*** | | |
| २ | प्रा. वि कुनापानी भवन मर्मत | १ | ३५0,000 |
| ३ | गाणेश प्रा. वि गोठमारे खेलमैदान  निर्माण | २ | ५0,000 |
| ४ | लाली गुँरास प्रा.वि. सातदोबाटो फ.नि. र शैक्षिक सामग्री | २ | २५,000 |
| ५ | विद्याज्योति बा.वि.के. सिस्नेडाँडा फ.नि. र शैक्षिक सामग्री | २ | २५,000 |
| ६ | राष्ट्रिय मा. वि खुमेलको  भौतिक तथा शैक्षिक पूर्वाधार सुधार | २ | २१0,000 |
| ७ | मा. वि खेवासे कम्प्युटर मर्मत फर्निचर तथा खेलमैदान निर्माण | ३ | २00,000 |
| ८ | डिलेश्वरी प्रा. वि मा भुइ प्लाष्टर | ४ | ५0,000 |
| ९ | सरस्वती प्रा. वि वाप्ली भूई प्लाष्टर  ३ कोठा | ५ | ३५,000 |
| १0 | देउराली बालविकास भवन निर्माण | ५ | १५0,000 |
| ११ | ज्ञान जनचेतना धनमुढा फिल्ड निर्माण | ६ | ४५,000 |
| १२ | कृष्ण प्रा. वि धारापानी खेलमैदान र फर्निचर खरिद | ८ | १00,000 |
| १३ | वाइ गाउँ खेल मैदान | ९ | ५0,000 |
| १४ | वालवालिका वडा स्तरमा वाल क्लव गठन तथा तालिम, | | १00,000 |
| १५ | बाल विवाह न्युनीकरण सम्वन्धी तालिम | | ५0,000 |
| १६ | बाल श्रम न्युनीकरण सम्वन्धि अभिमुखीकरण तालिम | | ५0,000 |
| १७ | बाल मैत्री स्थानीय शासन तथा बाल अधिकार सम्वन्धि दुई दिने अभिमुखिकरण (नगर स्तरीय राजनीतिक दल कर्मचारी सामाजिक परिचालक नगर स्तरीय वाल क्लव ) | | १५0,000 |

| | | | |
|---|---|---|---|
| १८ | जन्म दर्ता अभियान | | ८५,००० |
| | **जम्मा** | | १,७२५,००० |
| १ | ***ख) महिला १० %*** | ***वडा नं*** | |
| २ | पातलो खोला जोगीपोखरा कृषि पाइप मर्मत | १ | ११०,००० |
| ३ | गोठमारे गाउँघर क्लिनिक भवन निर्माण | २ | १५०,००० |
| ४ | छहरा खोला सल्लीबोट खानेपानी तथा सिचाई | ४ | १५०,००० |
| ५ | कपासेनी सिचाइ कूलो मर्मत | ४ | ७५,००० |
| ६ | माथिल्ला पँधेरीखोला मसुरकोट रावतटोल खा. पा निर्माण | ४ | १७५,००० |
| ७ | उपल्लो रेउघा खा. पा तथा सिचाई कूलो मर्मत | ५ | ७५,००० |
| ८ | थलिवाङ महिला भवन मर्मत | ६ | ४५,००० |
| ९ | हिंसा पिडित महिला आश्रय गृह निरन्तरता | ७ | २५,००० |
| १० | महिला सहकारी, शसक्तिकरण र जिविको पार्जन कार्यक्रम | ७ | ५०,००० |
| ११ | बामरुक सिचाई ट्यांकी निर्माण | ८ | १००,००० |
| १२ | त्रितिकोट महिला सामुदायिक भवन | ९ | १४५,००० |
| १३ | महिला स्वयं सेविका प्रोत्साहन तथा खाजा खर्च | | ८६,४०० |
| १४ | प्रसुति प्रोत्साहन तथा गर्भवति जाँच प्रोत्साहन | | ५०,००० |
| १५ | लोकसेवा आयोग तयारी कक्षा संचालन महिला (१५) जना | | २००,००० |
| ० | **जम्मा** | | १,४३६,४०० |
| | ***ग(ज्येष्ठ नागरिक, दलित,आदिवासी जनजाति,फरक क्षमता भएका व्यक्ति,पिछडा वर्ग विपन्न वर्ग तथा अन्य ) १५ %*** | | |
| १ | पातलो खोला जोगी पोखरा कृषि पाइप मर्मत | १ | १४०,००० |
| २ | राष्ट्रिय मा. वि खुमेल र स्वास्थ्यचौकी खानेपानी मर्मत | २ | २२५,००० |
| ३ | बजेर खा. पा मर्मत | ३ | ५०,००० |
| ४ | बाजबिसौना खानेपानी मर्मत | ४ | २५,००० |
| ५ | गुराँसेनीदेखि डिल्लेश्वरी प्रा. वि घोरेटो बाटो निर्मौण | ४ | ५०,००० |

| | | | |
|---|---|---|---|
| ६ | रातामाटा दलित वस्ति खा. पा निर्माण | ५ | ३०,००० |
| ७ | ह्वाली खा. पा मर्मत | ५ | ५०,००० |
| ८ | जापा खा. पा मर्मत | ५ | ५०,००० |
| ९ | दलित वस्ती शिक्षा टोलमा खा.पा मर्मत | ७ | १००,००० |
| १० | अपाङ्ग कल्याणकारी कोष | ७ | २५,००० |
| ११ | बारि चौर मन्दिर निर्माण (अन्यत्र सारेर) | ८ | ५०,००० |
| १२ | छाप ढुंगा कलभर्ट मर्मत | ९ | २५,००० |
| १३ | वाइ गाउँ खानेपानी मर्मत | ९ | ३०,००० |
| १४ | जेष्ठ नागरिक अभिनन्दन कार्याक्रम | | १५,००० |
| १५ | लोकसेवा विपन्न जेहेन्दार परिक्षार्थी (१०) जना | | ५०,००० |
| १६ | स्टेचर खरिद | | १५०,००० |
| १७ | जलवायू परिवर्तन कार्ययोजना निर्माण | | २५,००० |
| १८ | मानसिक स्वास्थ्य कार्यक्रम | | १०,००० |
| १९ | एच आई भि एड्स संक्रमितलाई औषधि वितरण ( रोल्पा प्लस ) | | १०,००० |
| २० | विपन्न वर्गका महिलाहरुलाई सिलाइ कटाइ तालिम | | १५०,००० |
| २१ | अगुवा कृषि तथा पशू विकास तालिम | | २००,००० |
| २२ | विभिन्न जातजातिका भाषा संस्कृति संरक्षण | | ३०,००० |
| | जम्मा | | १,४९०,००० |
| | **भौतिक पुर्वाधार तर्फ** | **वडा न** | ( |
| १ | नुवाकोट खानेपानी मर्मत | १ | ३५०,००० |
| २ | लम्पुजा बराहमेला मोटर स्तरोन्नती | २ | ३२५,००० |
| ३ | खाल खेवासे मोटर बाटो निर्माण | ३ | ३००,००० |
| ४ | बाजबिसौना सानौ लिवाङ हुदै हरिगाटिना मोटर बाटो | ४ | ३००,००० |
| ५ | देउराली चुनारे भिर मोटर बाटो क्रमागत | ५ | ३००,००० |
| ६ | सिमलबाङ ह्वाली मोटरबाटो निर्माण | ५ | ३००,००० |
| ७ | पिपल चौतारा -उच्च मा. वि मोटर बाटो निर्माण | ६ | ५०,००० |
| ८ | सातल्ले खोला सिचाइ कूलो | ६ | १२५,००० |
| ९ | धनवुढा - उपल्लो गाउँ मो वा निर्माण | ६ | ३००,००० |

| | | | |
|---|---|---|---|
| १० | सातल्ले - लहरे खोला मोटर बाटो मर्मत | ६ | १७५,००० |
| ११ | बालमन्दिर पिपलबोट बसपार्क मोटर वाटो स्तरोन्नती | ७ | २४०,००० |
| १२ | कृषि विकास वैक जलजला एफ एम कारागार हुदै वसपार्क मो वा निर्माण | ७ | १००,००० |
| १३ | लिवाङ पक्की मो बा –मेवाङ, बामरुक धारापानी पाहना  छोरेपहाना मोटर बाटो निर्माण | ८ | ५६५,००० |
| १४ | लहरीखोला त्रितिकोट रुन्टावाङ वाइ गाउँ सुनिल मार्ग | ९ | २५०,००० |
| १५ | जलजला क्याम्पसको भौतिक पूर्वाधार निर्माण | | ३५०,००० |
| १६ | ग्रामिण विद्युतिकरण | | ४००,००० |
| १७ | नेपाल पत्रकार महासंघको भवन निर्माण | | २००,००० |
| | जम्मा | | ४,६३०,००० |
| | **प्रवर्द्धनात्मक कार्यक्रमतर्फ** | **वडा न** | ( |
| १ | लिवाङ नपा २ बाट गजुल ३ जोड्ने घोरेटो बाटो निर्माण | २ | ५०,००० |
| २ | लाँकुरी डाडाँदेखि गणेश प्रा. वि  जोड्ने  मो. बाटो मर्मत | २ | १५०,००० |
| ३ | करैगाउँ सिचाई कूलो निमार्ण | ४ | १००,००० |
| ४ | सिमलवाङ खाटबाङ मुनी टतवन्ध निर्माण | ५ | १२५,००० |
| ५ | खैवाङ-– सिबाङ मो बा निर्माण | ५ | १५०,००० |
| ६ | कालिमाटी खानेपानी मर्मत | ७ | ६५,००० |
| ७ | लिवाङी डेरा मोटर बाटो निर्माण | ७ | ६५,००० |
| ८ | सेवाङ खापा मर्मत | ७ | ५०,००० |
| ९ | लोकतान्त्रिक चौक भेटरीनरी एमाओवादी पार्टी कार्यालय मो वाटो | ७ | ७५,००० |
| १० | मेवाङ ब्रह्म थान– मेलधारा कालिमटी घोरेटो बाटो | ८ | ५०,००० |
| ११ | ढुंगे  विसौना खानेपानी निर्माण | ८ | २५०,००० |
| १२ | कर्मचारी क्षमता विकास तथा सेवाकालीन तालिम | | १००,००० |
| १३ | कार्यालय भवन  मर्मत | | ४५०,००० |
| १४ | पोखरी तथा मुहान संरक्षण | | १५०,००० |
| १५ | योजनाहरुको अनुगमन तथा सुपरिवेक्षण खर्च | | १५०,५०० |

| | | | |
|---|---|---|---|
| १६ | बालकल्याण उमावि अपाङ्ग मैत्री होस्टल | | ५०,००० |
| १७ | स्टार वोर्डिंग देखि प्राविधिक शिक्षालय जाने सडक माथि पक्की सडकको नाला देखि निर्माण तथा स्तर वृद्धि | | १००,००० |
| १८ | वजेट योजना तथा कार्यक्रम पुस्तिका छपाइ | | ८८,१०० |
| | जम्मा | | २,२१८,६०० |
| | **स्थानीय विकास शुल्क कोष (खर्च)** | | **रकम रु** |
| १४ | कन्टेन्जेसी कट्टी | | २६२,२९० |
| १५ | फोहर मैला व्यवस्थापन उपकरण खरिद | | ४,३००,००० |
| १६ | सडक कालोपत्रे | | ४,१८०,७१० |
| १७ | **जम्मा** | | **८,७४३,०००** |
| १८ | **राजश्व बाँडफाँड तर्फ को व्यय** | | |
| १ | डम्पिङ साइड निर्माण | | ६००,००० |
| २ | लोकसेवा आयोगबाट परिक्षा संचालन | | ५००,००० |
| ३ | कार्यालयमा सफ्टवयर जडान | | ३००,००० |
| ४ | कर्मचारी कल्याण कोष | | ३००,००० |
| ५ | वातावरण मैत्री स्थानीय शासन कार्यक्रम अभिमुखीकरण | | ७५,००० |
| ६ | नगर क्षेत्रको नाला निर्माण | | ५००,००० |
| ७ | पर्यटन विकास गुरुयोजना निर्माण | | १००,००० |
| ८ | लिवाङ स्वास्थ्य चौकी पूर्वाधार विकास | | ३०,००० |
| ९ | फोहर मैला व्यवस्थापन | | २००,००० |
| १० | धांसी खोला घाट जाने बाटो मर्मत | | ५०,००० |
| ११ | लिवाङ नगर पालिकाको समग्र विकासका लागि गुरुयोजना निर्माण | | १५०,००० |
| १२ | एकल महिला सचेतनामूलक तालिम | | २५,००० |
| १३ | डम्पिङ साइड सडक निर्माण | | २००,००० |
| १४ | जलजला क्याम्पसको भौतिक पूर्वाधार विकास | | ४००,००० |
| १५ | मालपोत कार्यालयलाई मालपोत रजिस्ट्रेशन फिर्ता ५% | | १९०,००० |

| | | | |
|---|---|---|---|
| १६ | अध्ययन अवलोकन भ्रमण | | ४००,००० |
| १७ | स्वाथ्य चौकी पूर्वाधार विकास | | २५,००० |
| ८ | जम्मा | | ४,०४५,००० |

| क्र.सं. | | | पुजिगत आम्दानी तर्फ आ.व. | | प्रस्तावित/अनुमानित |
|---|---|---|---|---|---|
| | | | | | २०७३/७४ |
| | | | शिर्षक | | रकम रु. |
| १ | | १ | नेपाल सरकारबाट आउने अनुदान | | **१८,४००,०००** |
| | | २ | स्थानीय विकास शूल्क कोष | | **८,७४३,०००** |
| | | | राजश्व बाँडफाँड | | ४,०००,००० |
| | | | | | |
| | | | **जम्मा** | | **३१,१४३,०००** |
| क्र.सं. | | | पुजिगत खर्च तर्फ आ.व. | | **प्रस्तावित** |
| | | | | | २०७३/७४ |
| | | | शिर्षक | | रकम रु. |
| | | १ | शहरी पुर्वाधार विकास(रु.१.८४ करोड मध्य) | | १५,०००,००० |
| | | २ | सम्पुरक कोष | | २,४००,००० |
| | | ३ | कन्टेन्जेन्सी ३% तथा २% मर्मत समेत | | १,०००,००० |
| | | | स्थानीय विकास शुल्क कोष खर्च | | ८,७४३,००० |
| | | | राजश्व बाँडफाँड तर्फ को व्यय | | ४,०००,००० |
| | | | जम्मा | | ३१,१४३,००० |
| | | | **लक्षित वर्ग तर्फ-** | **वडा नं** | ( |
| | | | ***क) बालबालिका १५%*** | | ( |
| | | १ | पोषणयुक्त खानाका लागि तालिम | १ | ६५,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | २ | जनसुधार प्रा. वि कुनापानीको शैक्षिक सा. खरिद निर्माण विद्युत जडान | १ | १००,००० |
| | | ३ | बाल क्लव सवलीकरण | २ | ५०,००० |
| | | ४ | चार वटा विद्यालयलाई शैक्षिक सामाग्री वितरण | २ | ११५,००० |
| | | ५ | मा. वि खेवासे सस्थागत विकास र पर्खाल र ग्रील निमार्ण | ३ | १६५,००० |
